# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना एवं स्वास्थ्य कार्यालय, बाग्लुङ्ग र बाग्लुङ्ग नगरपालिकाको समन्वयमा बाग्लुङ्ग नगर अस्पताल, बाग्लुङ्गको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखा सम्पन्न भएको छ। बाग्लुङ्ग नगर अस्पताल, बाग्लुङ्गको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखामा ३५% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा मातृशिशु मितेरी अस्पताल, कास्कीका मेशु डाक्टर धर्मदेव ढकाल र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका उर्मिला बरालको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कर्यक्रमम बाग्लुङ्ग नगरपालिका प्रमुख बसन्त कुमार श्रेष्ठको प्रमुख उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा बाग्लुङ्ग नगरपालिका वडा नं. १३ का वडाअध्यक्ष नारायण शर्मा पौडेल, स्वास्थ्य शाखा प्रमुख, अस्पतालका मे.सु. डाक्टर गरिमा खनाल लगायतको उपस्थिति थियो।




## Severity and Clinical Outcome of COVID-19 Patients Admitted at a Provincial Infectious and Communicable Disease Hospital of Nepal: A Cross-Sectional Study

https://hd.gandaki.gov.np/list/report/severity-and-clinical-outcome-of-covid-19-patients-admitted-at-a-provincial-infectious-and-communicable-disease-hospital-of-nepal-a-cross-sectional-study?fbclid=IwAR2Mr3Nl61uNp9b1wtROeBRODgt0_ubqn0ImHpd_6tbourvXT05gYmKC3tw




स्वास्थ्य कार्यालय, म्याग्दीको समन्वयमा म्याग्दी जिल्ला अन्तर पालिका स्वास्थ्यकर्मी बनभोज कार्यक्रम सम्पन्न भएको छ ।



आधीखोला गाउपालिका, स्वास्थ्य शाखा, स्याङ्जाको आयोजनामा महिलाहरुका लागि प्रजनन स्वास्थ्य सम्बन्धी शिविर सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार



बडिगाड गाउँपालिका र स्वास्थ्य कार्यालय, बागलुङको सयुक्त आयोजना, क्षयरोग उपचार केन्द्र, पोखराको समन्वय र Japan Nepal Tuberculosis Research Association को प्राविधिक सहयोगमा बडिगाड गाउँपालिकामा छातिको एक्स-रे द्वारा क्षयरोगि खोजपडताल अभियानको उद्घाटन कार्यक्रम संचालन भएको छ। बडिगाड गाउँपालिका, वडा न २ का वडा अध्यक्ष ढालप्रसाद शेरचनको अध्यक्ष्यता तथा बडिगाड गाउँपालिका अध्यक्ष्य गण्डकी थापा अधिकारिले शिबिरको उद्घाटन गर्नु भएको थियो । बडिगाड गाउँपालिका उपाध्यक्ष्य भिमसेन वनको विशिष्ट आतिथ्यता, राष्ट्रिय क्षयरोग उपचार केन्द्रका क्षयरोग बिशेषज्ञ डाक्टर प्रमोद भट्टराई, क्षयरोग उपचार केन्द्रका निर्देशक डाक्टर रमेश आचार्य, प्रमुख प्रशासकिय अधिकृत चेतनारायण भण्डारी, स्वास्थ्य कार्यालय, बागलुङका प्रमुख प्रबिण शर्मा Japan Nepal Tuberculosis Research Association का एक्जुकेटिभ डाइरेक्टर रामशरण गोपालि, वडा अध्यक्ष्यहरु, कार्यपालिका सदस्य, वडा सदस्य, स्वास्थ्यकर्मी, पत्रकार सुरक्षा निकायका प्रतिनिधी, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका लगाएत अन्य सघ सस्थाका प्रतिनिधीहरुको उपस्थितिमा कार्यक्रम संचालन भएको थियो। स्वास्थ्य शाखाका प्रमुख बिपेन्द्र के.सी.को स्वागत मन्तब्यबाट शुरु भएको कार्यक्रम अन्य अतिथी र प्रमुख अतिथीहरुबाट आफ्ना महत्वपुर्ण भनाईका साथ शुभकामना मन्तब्य राख्नु भएको थियो। उद्घाटन कार्यक्रमको समापन वडा न २ का वडाअध्यक्ष ढालप्रशाद शेरचनले गर्नु भएको थियो भने कार्यक्रम सन्चालन जनस्वास्थ्य निरिक्षक डिल बहादुर के.सी.ले गर्नु भएको थियो।



प्रहरी चौकी, देउपुर डिमुवा, पर्वतको आयोजनामा मोदी गाउँपालिका-६ तिलाहारमा सवारी चालक सागर गुरुङको अध्यक्षतामा सवारी चालक, यात्रुहरुको उपस्थितिमा सवारी सुरक्षा सम्बन्धी कार्यक्रम गरिएको छ।



भिमाद नगरपालिका, तनहुँ अन्तर्गतका स्वास्थ्यकर्मीहरु आँबुखैरेनी अस्पताल, तनहुँमा क्षमता अभिवृद्धिका लागि अवलोकन भ्रमण तथा अन्तरक्रिया गरेका छन।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार




सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा बेनि अस्पताल, म्याग्दीमा "जनस्वास्थ्य महामारी सर्भिलेन्स सम्बन्धी अभिमुखीकरण तथा Early Warning And Reporting System (EWARS)" मा प्रविष्ट तथ्यांकको गुणस्तर परीक्षण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा मन्त्रालयका नीति योजना तथा जनस्वास्थ्य महाशाखा प्रमुख सुरज गुरौ, मध्यविन्दु जिल्ला अस्पताल नवलपुरका मे.सु. डाक्टर जितेन्द्र कडेलको सहजीकरणमा कार्यक्रम संचालन भएको थियो। बेनी अस्पतालका प्रमुख डाक्टर अन्जु थापाको अध्यक्षतामा सप्पन्न उक्त कार्यक्रममा बोल्दै जनशक्तिको चरम अभावका बावजुद अस्पतालबाट नियमित प्रतिवेदनका लागि प्रयासरत रहनु आफैमा एक ठूलो उपलब्धि भएको बताउँदै सो कार्यमा खटिने कर्मचारीलाई धन्यवाद ज्ञापन गर्दै अभिलेखिकरण गर्नमा सबको उत्तिकै महत्त्वपूर्ण भूमिका रहने भएकोले सबैले सहि अभिलेखिकरण गर्नुपर्नेमा जोड दिनुभयो। मन्त्रालयका महाशाखा प्रमुख सुरज गुरौले यस्ता प्रणालीमा तथ्यांक प्रविष्ट गर्नुको महत्वका बारेमा बुझ्नुपर्ने बताउँदै त्यस्ता प्रणालीबाट प्रतिवेदन भए अनुसार प्रकोप वा महामारीको सूचना प्राप्त हुनासाथ तत्काल प्रतिक्रिया गर्न सक्ने गरी स्वास्थ्य कार्यक्रमको योजना गरिएको बताउनु भयो ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा खानेपानी गुणस्तर सर्भिलेन्स सम्बन्धी अभिमुखीकरण तथा जिल्ला स्तरीय खानेपानी सर्भिलेन्स समिति गठन सम्बन्धीको बैठक सम्पन्न भएको छ। सरोकारवाला सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधि, खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ प्रतिनिधि, पत्रकार र स्वास्थ्य कार्यालयका फाँटप्रमुख लगायतका कर्मचारीहरुको उपस्थितिमा, अभिमुखीकरण, अघिल्लो आ.व.को खानेपानी परिक्षण प्रतिबेदन सार्बजनिकरण लगायत जिल्ला स्तरीय खानेपानी सर्भिलेन्स समिति गठन गरि सम्पन्न भयो। कार्यक्रमको संचालन/प्रस्तुतीकरण कार्यक्रम फोकल व्यक्ति ल्या. टे. नी. उज्जवल तिवारीले गर्नुभएको थियो भने स्वस्थ्य कार्यालय प्रमुखले कार्यक्रमको उदेश्य माथि प्रकाश पार्दै बहुक्षेत्रिय सरोकारवाला निकायको उपस्थिति बीच गठन गरिएको समितिबाट खानेपानी गुणस्तर नियन्त्रणमा थप टेवा पुग्ने अपेक्षा राख्नुभएको थियो।



स्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा खोप कोल्डचेन ढुवानीकर्तालाई खोप ढुवानी र कोल्डचेन व्यस्थापन सम्वन्धी १ दिने अभिमुखीकरण कार्यक्रम दोस्रो ब्याच सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार




प्रदेश जनस्वास्थ्य प्रयोगशालाको आयोजनामा Training Manual for Laboratory Diagnosis of Leprosy को समन्वय बैठक प्रदेश स्वास्थ्य तालिम केन्द्रमा सम्पन्न भयो। उक्त कार्यक्रमको प्रमुख अतिथि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिब डाक्टर बिनोद बिन्दु शर्मा हुनुहुन्थ्यो भने कार्यक्रमको अध्यक्ष्यता प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक मनमोहन मिश्रले गर्नुभएको थियो। कार्यक्रममा प्रदेशका विभिन्न स्वास्थ्य निकायका महानिर्देशकज्यूहरुको र अन्य विज्ञहरुको पनि उपस्थिति रहेको थियो।



समुदाय र बिधालय स्वास्थ्य शिक्षा @ आधारभूत स्वास्थ्य सेवा केन्द्र, खाल, बाग्लुङ्ग




स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा ढोरपाटन नगरपालिकाको समन्वय र मेडिक मोबाइल संगको सहकार्यमा बुर्तिबाङमा पूर्ण सस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अभियान कार्यान्वयनको लागि गर्भवति दर्ता तथा अनुगमन कार्यक्रमको प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको छ। कार्यक्रममा २३ जना स्वास्थ्यकर्मिहरुको सहभागिता रहेको थियो।

## स्याङ्जा अस्पतालमा ८२ बर्षको बुबाको दुबै तर्फको Hernioplasty अपरेसन सफल भएको छ ।




**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔ!!**

## हर्टअट्याक हुने ८ कारण र जोगिने १५ तरिका

https://hd.gandaki.gov.np/list/news/harataatayaka-hana-karanae-ra-jagana-taraka

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार




प्रहरी चौकी, मिलनचोक पर्वतको आयोजनामा जलजला गाउँपालिका-७ लस्ती बजारमा सोही स्थानका युवा तथा समाजसेवी अमृत परियारको अध्यक्षतामा आमा समुह, स्थानिय युवा क्लव, स्थानिय व्यक्तिहरुको उपस्थितिमा लागुऔषध न्यूनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम गरिएको छ।



जेष्ठ नागरिक घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम २०८० @ पाण्डवखानी स्वास्थ्य चौकी, बाग्लुङ्ग



छिमेकि प्रदेशबाट (उत्तर प्रसुती घरभेट कार्यक्रम @ स्वास्थ्यकर्मी लक्ष्मी शाह गुरुङ्ग, नरैनापुर गाउँपालिका, बाँके)



# साप्ताहिक समाचारपत्रिका

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा ग्रामिण अस्पताल सुद्रीढिकरण कार्यक्रमको गण्डकी प्रदेश स्तरीय कार्यसमितिको बैठक संचालन भएको छ। कार्यक्रममा निक साईमन्स ईन्स्टिच्युटको सहयोगमा संचालन भएका विभिन्न कार्यक्रमहरुको बारेमा समिक्षा तथा आगामी बर्षहरुको योजनाको बारेमा छलफल भएको थियो।



बिशेषगरि न्युनतम सेवा मापदण्ड, बायोमेडिकल सेवा, क्लिनिकल तालिमहरु, तालिम साईटको विकास, पाठ्यक्रम बिकाश, अनुसन्धान, कर्मचारी तथा सामाग्री ब्यबस्थापनका बारेमा छलफल भएको थियो।



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्माको अध्यक्षतमा संचालित उक्त बैठकमा प्रदेश आपूर्ति ब्यबस्थापन केन्द्र, गण्डकी प्रदेशका महानिर्देशक डाक्टर राजिब रिमाल, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक मनमोहन मिश्र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, स्वास्थ्य तालिम केन्द्रका निमित्त महानिर्देशक रमेश प्रसाद अधिकारि, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका महाशाखा प्रमुखहरु शम्भु ज्ञवाली, सुरज गुरौ, डाक्टर रमेश केशी, सूचना अधिकारि डाक्टर मधुरजी ढकाल लगायतका कर्मचारीहरु, स्वास्थ्य निर्देशनालयका सूचना अधिकारी नबराज शर्मा र न्युनतम सेवा मापदण्ड कार्यन्वयन अधिकृत उर्मिला बराल, निक साईमन्स ईन्स्टिच्युटका कार्यकारी निर्देशक डाक्टर अर्चना अमात्य, बरिष्ठ कार्यक्रम ब्यबस्थापक डाक्टर काशीम शाह, तालिम ब्यबस्थापक डाक्टर अर्पणा बिसी, गण्डकी प्रदेश कार्यक्रम संयोजक सुष्मा लामा लगायतको उपस्थिति रहेको थियो।

# साप्ताहिक समाचारपत्रिका

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल


## यसकारण हुन्छ गर्भावस्थामा बान्ता

https://hd.gandaki.gov.np/list/news/yasakaranae-hanachha-garabhavasathama-bnata




## जाडोमा आगो 🔥ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय—समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलर लामो समयसम्म बाथरुममा बस्ने नगरौं।



स्वास्थ्य तालिम केन्द्र, पोखराको आयोजनामा धौलागिरी अस्पताल, बाग्लुङमा स्वास्थ्य कार्यलय कास्की, स्याङ्जा, पर्वत, बाग्लुङ र म्यादीका सि./अ.हे.व. तथा हे.अ.हरुको सहभागितामा (६०दिने) Mid-Level Practicum (MLP) तालिमको शुभारम्भ भएको छ ।




स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा निसीखोला गाउपालिकाको समन्वय र मेडिक मोबाइलसंगको सहकार्यमा निसीखोलामा पूर्ण सस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अभियान कार्यान्वयनको लागि गर्भवति दर्ता तथा अनुगमन कार्यक्रमको प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको छ। कार्यक्रममा १९ जना स्वास्थ्यकर्मिहरुको सहभागिता रहेको थियो।

# सााप्ताहिक समाचारपत्रिका

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




प्रहरी चौकी, भंगरा पर्वतको आयोजनामा फलेवास न.पा. ९ भंगरा स्थित श्री ग्रामोदय मा.वि., भंगरामा सोही विद्यालयका प्रध्यानाध्यापक कृष्ण बहादुर सापकोटाको अध्यक्षतामा शिक्षक, विद्यार्थीहरुको उपस्थितिमा बालबिबाह सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम गरिएको छ।



मोदी गाउँपालिका वडा न. ०८, स्थित चित्रे स्वास्थ्य चौकिमा यस आ.व.को चौथो सुत्केरी भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



स्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा खोप कोल्डचेन ढुवानीकर्तालाई खोप ढुवानी र कोल्डचेन व्यस्थापन सम्वन्धी १ दिने अभिमुखीकरण कार्यक्रम अन्तिम ब्याच सम्पन्न भएको छ।



लायन्स आँखा केन्द्र गोरखा र भिमसेनथापा गाउँपालिकाको सहकार्यमा बोर्लाङ्ग स्वास्थ्य चौकी, गोरखामा आँखा सिविर संचालन भएको छ, जसमा ७३ जनाले सेवा लिनुभएको छ।

**महिला स्वास्थ्य स्वयंम सेविका (FCHV) सम्बन्धि जानकारी मूलक भिडियो**

https://www.youtube.com/watch?v=SfrrijMdiBg

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार



मादी गाउँपालिका, वडा न.-१, सिक्लेस, कास्कीको आयोजनामा जेष्ठ नागरिक र फरक क्षमता भएका अशक्त नागरिकहरुलाई यस आ.ब.२०८०/०८१ को त्रैमाशिक दोस्रो पटक पौष महिनामा घरभेट स्वास्थ्य परिक्षणका साथै निशुल्क औषधी वितरण कार्यक्रम सम्पन्न भएको छ, जसमा २१० ले सेवा लिनुभएको छ।




मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासीको सामाजिक सेवा एकाईको समीक्षा बैठक सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा पूर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अभियान कार्यक्रमको जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण तालिमको प्रथम समुहमा अन्नपूर्ण गाउँपालिका र मालिका गाउँपालिकाको स्वास्थ्य शाखा, स्वास्थ्य संस्था प्रमुख र नर्सिङ्ग फोकल पर्सनको सहभागितामा समपन्न भएको छ।

## यूरिक एसिड नियन्त्रण गर्ने शीर्ष ७ खानेकुरा

https://hd.gandaki.gov.np/list/news/yaraka-esada-nayanataranae-garana-sharashha-khanakara

## आठ रोगको उपचारमा १ लाखदेखि ४ लाखसम्म सहुलियत, कहाँबाट कसरी पाइन्छ ?



## जाडोमा निमोनिया: बेवास्ता गरे ज्यानमारा हुनसक्छ।

https://hd.gandaki.gov.np/list/news/jadama-namanaya-bvasata-gara-jayanamara-hanasakachha

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार


https://hd.gandaki.gov.np/list/news/aatha-ragaka-upacarama-lkhathakha-lkhasamama-sahalyata-kahabta-kasara-painachha

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?**

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana



बागलुङमै पहिलोपटक छातिको एक्सरेद्धारा क्षयरोग परिक्षण गर्न स्वास्थ्य कार्यालय बागलुङ र बडिगाड गाउपालिकको आयोजना तथा क्षयरोग उपचार केन्द्र पोखराको समन्वय तथा जापान नेपाल हेल्थ एन्ड ट्यूबरकुलोसिस रिसर्च एसोसिएसनको प्राविधिक सहयोगमा पुष १६देखि १८ सम्म क्षयरोग सम्पर्क तथा परीक्षण शिविर बडिगाड गाउपालिकाको वडा नं २ खर्वाङ,वडा नं ४ जलजला र वडा नं ७ भिमगिठेमा सम्पन्न भएको छ। पहिलो दिन ५०० जना, दोस्रो दिन ४९९ जना र तेस्रो दिन ६०५ जना गरी जम्मा १६०४ जना व्यक्तिको छातिको एक्सरे तथा २५६ जना शंकास्पद व्यक्तिको जिन एक्सपर्टका लागि खकार सकंलन गरिएको थियो। क्षयरोग जोखिमको हिसाबले जिल्लामै उच्च स्थानमा रहेको गाउँपालिकाले क्षयरोग निर्मुल अभियान अन्तर्गत शिविरको आयोजना गरेको गाउँपालिका अध्यक्ष गण्डकी थापा अधिकारीले बताउनु भएको छ। क्षयरोगी पहिचान गरी उनीहरुको औषधोपचारसँगै पालिकालाई क्षयरोग मुक्त बनाउने अभियान स्वरुप बागलुङमै पहिलो पटक नविनतम प्रविधिद्धारा शिविर आयोजना गरिएको हो।

शिविरमा राष्ट्रिय क्षयरोग केन्द्र काठमाण्डौका क्षयरोग विशेषज्ञ डाक्टर प्रमोद भट्टराई, क्षयरोग उपचार केन्द्र पोखराका निर्देशक डाक्टर रमेश आचार्य, जापान नेपाल ट्युबरक्लोसिस रिसर्च एशोशियसनका एक्जुकेटिभ डाइरेक्टर रामशरण गोपाली, स्वास्थ्य कार्यालय, बाग्लुङ्गका प्रमुख प्रविण शर्मा, क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरे सहितको प्राविधिक टोली रहेको थियो भने सबै कार्यक्रमको संयोजन स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरे तथा पालिकाका स्वास्थ्य संयोजक विपेन्द्र केसीले गर्नुभएको थियो।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**जाडोमा नानीबाबुहरुको यसरी गर्नुहोस हेरचाह।**

https://hd.gandaki.gov.np/list/news/jadama-nanabbharaka-yasara-garanahasa-haracaha

रक्तदानलाई लिएर विश्वभर रहेका १२ भ्रम र सत्य

https://hd.gandaki.gov.np/list/news/rakatathanalii-lera-vashavabhara-rahaka-bharama-ra-sataya

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार

## एचआईभी र एड्सः सामान्य जानकारी

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara



भंगरा स्वास्थ्य चौकी, पर्वतको आयोजनामा नियमित खोप, वृद्धि अनुगमन, नियमित खोप सेवा मार्फत सरसफाइ प्रवर्द्धन कार्यक्रम संचालन भएको छ। साथै मंसिर महिनामा मा २ बर्ष मुनिका सम्पूर्ण बालबालिकाहरूको वृद्धि अनुगमन गर्दा कार्तिक र मंसिरमा सर्बोत्कृष्ठ क्रमशः कामना अधिकारीको छोरी कृशा घिमिरे र कल्पना क्षेत्रीको छोरा सोहन खत्री क्षेत्रीलाई १/१ क्यारेट अण्डा पुरस्कार प्रदान गरिएको छ।



सल्यान स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा बरेङ -०४, सल्यानको जनजागृती प्रा.वि.मा बिद्यार्थीहरुका लागि व्यक्तीगत सरसफाइको बारेमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।

## स्वास्थ्य बीमा बोर्डले तयार पाऱ्यो को-पेमेन्ट प्रणालीको कार्यविधि

https://hd.gandaki.gov.np/list/news/savasathaya-bma-bradal-tayara-paraya-ka-pamanata-paranaelka-karayavathha



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा पूर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अभियान कार्यक्रमको जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण तालिमको दोस्रो समुहमा बेनी नगरपालिका र रघुगंगा गाउँपालिकाको स्वास्थ्य शाखा, स्वास्थ्य संस्था प्रमुख र नर्सिङ्ग फोकल पर्सनको सहभागितामा समपन्न भएको छ।



उत्तर प्रसुती घरभेट @ नारच्याङ्ग स्वास्थ्य चौकी, म्याग्दी

# साप्ताहिक समाचारपत्रिका

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

**स्वास्थ्य निर्देशनालय**

पोखरा, नेपाल




दशौं सुत्केरी @ तंग्राम स्वास्थ्य चौकी



स्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा किशोर किशोरी मैत्री स्वास्थ्य कार्यक्रम सञ्चालन तथा बिस्तार कार्यक्रम सम्पन्न भएको छ।



पोखरा महानगरपालिका, स्वास्थ्य महाशाखाको आयोजना र TPO Nepal को सहकार्यमा RESHAPE, Mental Health सम्बन्धि छलफल कार्यक्रम सम्पन्न भएको छ।



सामुदायिक सेवा केन्द्र अम्बोट, पर्बतको आयोजनामा मोदी गाउँपालिका-५ अम्बोट बजारमा महिला समुह र स्थानिय मानिसहरुका लागि हिंसा रोकथाम सम्बन्धी सचेतनामुलक कार्यक्रम गरिएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डाक्टर दिपेन्द्र रमण सिंह र गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्मा तथा मन्त्रालयका महाशाखा प्रमुख लगायतकाअधिकारीहरू एवं प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र (PHEOC) का कर्मचारीहरू बीच बैठक तथा छलफल भएको छ।



गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको आयोजनामा SORMAS (Surveillance Outbreak Response Management & Analysis System) सम्बन्धी ३ दिने तालिम सम्पन्न भएको छ। गण्डकी प्रदेशका एघार जिल्लास्थित मन्त्रालय मातहतका सबै स्वास्थ्य कार्यालयका प्रमुख र महामारी फोकल पर्सन तथा सबै अस्पतालका तथ्यांक शाखा प्रमुखहरूका साथै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा, जी.पी. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र तनहुँ, सैनिक अस्पताल पोखरा, सुन्दरबजार न.पा. लमजुङका तथ्यांक शाखा प्रमुखहरू, प्रदेशस्तरका कार्यालयका सम्बन्धित शाखा प्रमुख लगायत स्वास्थ्य प्राविधिकहरू सहभागीको रूपमा रहेको उक्त कार्यक्रम मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्माको अध्यक्षता तथा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डाक्टर दिपेन्द्र रमण सिंहको प्रमुख आतिथ्यता एवम् मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक शम्भु प्रसाद ज्ञवाली, महाशाखा प्रमुखद्वय सुरज गुरौ र डाक्टर रमेशकुमार के.सी.को आतिथ्यतामा सम्पन्न भएको छ। उक्त तालिममा मन्त्रालयका नीति योजना तथा जनस्वास्थ्य महाशाखा प्रमुख सुरज गुरौ, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कोशल चन्द्र सुवेदी, पोखरा स्वास्थ विज्ञान प्रतिष्ठानका तीर्थराज गौतम, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका रिन्छेन चालिसे, मन्त्रालयका बुद्धिसागर अधिकारी, विश्वस्वास्थ्य संगठन (WHO) का डाक्टर राजिब लालचन, दिज्सन ढकाल र बिरोध कट्टेलले सहजीकरण गर्नुभएको थियो । सफ्टवेयरमा आधारित उक्त प्रणालीबाट महामारी वा कुनै पनि स्वास्थ्य घटना समुदायस्तर वा स्वास्थ संस्थामा घटेको तत्काल थाहा हुने बित्तिकै प्रणाली मार्फत प्रतिवेदन हुने, सो पश्चात् कसरी कस्ले कहाँबाट प्रतिकार्य गर्ने, कस्को के भुमिका रहने लगायत विषयको निक्यौंल हुनेछ । उक्त प्रणाली मार्फत संघ, प्रदेश र स्थानीय तहको समन्वयात्मक भूमिकामा स्वास्थ्य प्रकोप वा महामारी व्यवस्थापन हुने भएको छ। नेपाल सरकारको निर्णयानुसार नेपालमै पहिलोपटक उक्त प्रणाली गण्डकी प्रदेशबाट शुरुवात गरिएको हो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार





स्वास्थ्य कार्यालय, लमजुङको आयोजनामा "पूर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा" सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।



अन्नपुर्ण गाउँपालिका, म्याग्दीको आयोजनामा क्षयरोग कार्यक्रमको पहिलो स्थलगत अनुशिक्षण सम्पन्न भएको छ। माघको पहिलो हप्तादेखि देखि भूरुङ्ग तातोपानी स्वास्थय चौकीवाट क्षयरोग परिक्षण सुरु हुने कार्यक्रम रहेको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ र सक्न्यारमा नियमित खोप कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा नियमित खोप प्रदान गर्नुका साथै ५० जना आमाहरुलाई पुरक तथा खाना सम्बन्धी परामर्श र सरसफाइ प्रवर्द्धन कार्यक्रम संचालन गरिएको थियो।२ वर्ष भित्रका बालबालिकाको वृद्धिअनुगमन तथा पोषण अवस्थालाई मध्यनजर गर्दै बालभिटा प्रदान गरि बालबालिकाको तौल अनुगमन गर्नुको साथै नियमित वृद्धि अनुगमन गर्नुका लागी स्वास्थ्य संस्थामा आउनुहुने आमालाई अण्डा प्रदान गरिएको थियो।




पौष महिनाको २० गतेको दिन दगातुन्डाडा स्वास्थ्य चौकिमा नियमित खोप कार्यक्रम संगै सरसफाइ प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा बागलुङ नगरपालिका अन्तरगतको अमलाचौर स्वास्थ्य चौकीको प्रथम चरणको न्युनतम सेवा मापदण्ड मुल्यांकन कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा बागलुङ नगरपालिकाका नगर प्रमुख तथा स्वास्थ्य चौकी संचालन तथा ब्यबस्थापन समितिका संरक्षक बसन्त कुमार श्रेष्ठ, स्वास्थ्य चौकी संचालन तथा ब्यबस्थापन समितिका अध्यक्ष कोपिलामणी शर्मा लगाएतक विशिष्ट ब्यक्तित्वको उपस्थिति रहको थियो । स्वास्थ्य कार्यालय, बागलुङका न्युनतम सेवा मापदण्ड कार्यक्रमका फोकल पर्सन देव प्रकास घिमिरे तथा बागलुङ नगरपालिका स्वास्थ्य शाखाबाट डिल्ली प्रसाद आचार्य र लक्ष्मण ढकाल सहितको टिमबाट अमलाचौर स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड मापन गरिएकोमा अमलाचौर स्वास्थ्य चौकीले ७३ % अंक प्राप्त गरेको छ।



छोप्राक स्वास्थ चौकी, गोरखाको आयोजनामा स्वास्थ्य आमा समूहको मसिक बैठक सम्पन्न भएको छ।



स्वास्थ्य बिमाका निर्देशक डाक्टर गुणराज लोहनीले मध्यबिन्दु जिल्ला अस्पताल, नवलपरासी पूर्वको अनुगमन गर्नुभएको छ ।

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार

## क्षयरोग बारे केही जानकारी

क्षयरोग माइकोव्याक्टेरियम ट्युवरकुलोसिस नामक किटाणुबाट लाग्ने एक किसिमको सरूवा रोग हो। यो एक व्यक्तिबाट अर्को व्यक्तिमा श्वासप्रश्वासको माध्यमबाट सर्छ तर खाना, यौनजन्य क्रियाकलापबाट भने सर्दैन। र अर्को कुरा क्षयरोगका किटाणुबाट प्रभावित सबै व्यक्तिलाई पनि क्षयरोग लाग्दैन। यदि क्षयरोगका किटाणुले आक्रमण गरेका व्यक्तिमा रोगसँग लड्ने क्षमता राम्रो छ भने रोग लाग्दैन, रोगसँग लड्ने क्षमता कम भए यो रोगले छिटो आक्रमण गर्छ। जस्तैः कुपोषण, एच.आई.भी.संक्रमण भएका मानिसहरुमा यो रोग छिटो विकसित हुन्छ। क्षयरोगको किटाणुले आक्रमण गरेका व्यक्ति मध्ये करिब १० प्रतिशत व्यक्तिमा मात्र क्षयरोग विकशित हुन सक्छ अर्थात रोगका लक्षण देखा पर्दछन्।

**मुख्यतः क्षयरोगलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छः-** फोक्सोको क्षयरोग र फोक्सो बाहेक अन्य भागमा लाग्ने क्षयरोग (ग्रन्थी, आन्द्रा, मेनेन्जेस, हाड, प्रजनन तथा मूत्र प्रणाली, छाला, आँखा आदि)

फोक्सो बाहेक अन्य भागमा लाग्ने क्षयरोगको निदान गर्न फोक्सोको क्षयरोग भन्दा गाह्रो हुन्छ।

**फोक्सोको क्षयरोगका लक्षणहरूः-** दुई साता वा सो भन्दा बढी समयसम्म लगातार खोकी लागिरहनु ,शरीरको तौल घट्नु , खासगरी बेलुकापख ज्वरो आउनु ,छाति दुख्नु ,खाना अरुची हुनु ,खकारमा रगत देखिनु आदि।

त्यसैगरी फोक्सोबाहेक अन्य भागमा लाग्ने क्षयरोगका लक्षणहरु अंग अनुसार फरक हुने गर्छ। जस्तै टि.बी. मेनेन्जाइटिस भएको खण्डमा विस्तारै विस्तारै टाउको दुख्न थाल्ने, ज्वरो आउने ,घाँटी अररो हुने ,मानसिक भ्रम हुने, शरीर काम्ने तथा बेहोस हुने आदि हुन सक्छ। हाड तथा जोर्नीको क्षयरोग भएको खण्डमा क्षयरोगले प्रभावित पारेको हाड वा जोर्नी दुख्ने, हाड जोर्नी चलाउन गाह्रो हुने तथा सुन्निने, पछि छालामा प्वाल बनी पीप निस्कने आदि हुन सक्छ। पेटको क्षयरोग भएको खण्डमा पेट दुख्ने,दिसा पातलो हुने, दुब्लाउँदै जाने, पेटमा छाम्दा डल्लो फेला पनेर, मन्द ज्वरो आउने तथा खाना रुची नहुने आदि हुन सक्छ।

त्यस्तै ग्रन्थीको क्षयरोग भएको खण्डमा ग्रन्थीको आकार बढ्ने, ग्रन्थीमा तातोपन नहुने, सुन्निने ग्रन्थी नदुख्ने साथै धेरै ग्रन्थीहरु एक अर्कामा जोडिएको जस्तो हुने र पछि छालामा प्वाल बनी पीप निस्कने आदि हुन सक्छ।

फोक्सोको क्षयरोग निदान गर्ने सरल ,भरपर्दो उपाय भनेको खकार परीक्षण गर्नु नै हो। दुइ हप्ता भन्दा बढी खोकी लागेमा अनिवार्य खकार परीक्षण गर्नुपर्दछ। त्यस्तै क्षयरोग निदानको लागि एक्स-रे, मण्टुटेष्ट पनि सहायक माध्यम हुन्। केही गरी निदान गर्न गाह्रो भएमा GeneXpert प्रविधिबाट परीक्षण गराउनु पर्छ। फोक्सोबाहेक अन्य भागमा लाग्ने क्षयरोग निदानको लागि FNAC, Biopsy, Culture test आदि परीक्षण उपयोगी हुन्छन् ।

क्षयरोग नियमित रूपमा औषधिको सेवनबाट पूर्ण रूपमा निको हुन्छ । नेपाल सरकारले क्षयरोग विरुद्धमा अति प्रभावकारी औषधिहरु निःशुल्क वितरण गराउँदै आएको छ। उपचार अवधी भने संक्रमित अंग, रोगको प्रकृति हेरी फरक हुन्छ। यस अवधिमा सबै विरामीहरुलाई डट्स अन्तर्गत राखेर उपचार गरिन्छ ,जसमा विरामीलाई प्रत्येक दिन उपचार सहयोगीको प्रत्यक्ष निगरानीमा औषधि खुवाउने गरिन्छ। औषधिहरुको सेवनबाट पिसाव रातो हुन सक्छ तर यो सामान्य हो, डराउनु पर्दैन।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार



आँबुखैरेनी गाउँपालिका, आँबुखैरेनी अस्पताल, तनहुँको आयोजना र चितवन मुटु अस्पतालको प्राविधिक सहयोगमा आँबुखैरेनी अस्पतालमा सञ्चालन भएको मुटु स्वास्थ्य क्लिनिकमा ७० जना मुटु तथा रक्तचाप सम्बन्धी समस्या भएको बिरामीहरूले वरिष्ठ मुटु रोग विशेषज्ञबाट सेवा लिएका छन्, साथै ३१ जनाले मुटु सम्बन्धी इको जाँच र १८ जनाले प्रयोगशाला र ७ जनाले एक्सरे ५०% छुट सहित सहुलियत दरमा सेवा लिएका छन्।



आधारभूत स्वास्थ्य सेवाकेन्द्र दर्लिङ्ग, बाग्लुङ्गको आयोजनामा नियमित खोप र तौल अनुगमन का साथै सरसफाई प्रवर्धन कार्यक्रम संचालन भएको छ।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा स्वास्थ्य कार्यालय, बागलुङ र बागलुङ नगरपालिकाको समन्वयमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको ३ दिने अभिमुखिकरण स्वास्थ्य कार्यालय, बागलुङका तथ्याङ्क अधिकृत घनश्याम सापकोटाको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा सहजिकरण स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य अधिकृत रबिना ठगुन्ना, स्वास्थ्य कार्यालय, बागलुङ तथा म्याग्दीका पोषण फोकल पर्सन लक्ष्मी शर्मा र विरेन्द्र चौधरीले गर्नु भएको थियोभने कार्यक्रममा बागलुङ नगरपालिकाका स्वास्थ्य तथा शिक्षा शाखा प्रमुख तथा प्रतिनिधि, स्वास्थ्यकर्मीहरू, स्वास्थ्य शिक्षकहरूको उपस्थिति रहेको थियो।




आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

# साप्ताहिक समाचारपत्रिका

अंक १७४, वर्ष ५, २०८० पौष २२, January 7, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङ्गको आयोजना एबम काठेखोला गाउँपालिका, वडा नम्बर ३ को कार्यालय र बिहु आयुर्वेद औषधालयको स्थानिय संयोजनमा काठेखोला ३ धम्जामा जडिबुटी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको स्थानिय तहको सहकार्यमा सरोकारवालालाई स्थानिय जडिबुटीको पहिचान संरक्षण र प्रयोग सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा स्थानिय जनप्रतिनिधी, कर्मचरी सहित स्वयंसेविका, बन समूह प्रतिनिधि, सहकारी समुह प्रतिनिधि र स्थानीय तहमा क्रियाशील विभिन्न पार्टि प्रतिनिधि लगयत ५५ जनाको सहभागिता रहेको थियो। कार्यक्रमको अध्यक्षता धौलागिरी आयुर्वेद औषधालय प्रमुख डाक्टर शरद पन्थी र प्रमुख अतिथि वडा वडा न. ३ काठेखोला गाउपालिकाका वडा अध्यक्ष कुल बहादुर बि.क.को प्रमुख अतिथ्यतामा डाक्टर कमल बिक्रम पौडेलले कार्यक्रम सन्चालन गर्नु भएको थियो।कार्यक्रममा डाक्टर शरद पन्थी र डाक्टर कमल बिक्रम पौडेलले धौलागिरी आयुर्वेद औषधालय बागलुंग बाट संचालित आयुर्वेद चिकित्सा सेवा, जडिबुटी संकलन संरक्षण प्रयोग विधि, स्थानीय जडिबुटीको उपयोग र सेवन योग्य अवस्था, हाम्रो भान्छा र वरिपरिको जडिबुटी प्रयोग, महत्त्व र प्रयोगमा साबधानी सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।





**सम्पादक**

नवराज शर्मा

बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com


